# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
## रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौको

## २६ औं वार्षिक साधारण सभाको निर्णय

### १. २६ औं वार्षिक साधारण सभा :

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २६ औं वार्षिक साधारण सभा मिति २०७९ फाल्गुण ०३ (तदानुसार १५ फरवरी, २०२३) गते, बुधवार नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौमा कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको प्रस्तावमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूको सभापतित्वमा दिनको ठीक ११:०० बजे शुरु भई छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु मध्ये सामान्य प्रस्ताव अन्तंगत प्रस्ताव नं. ४ बाहेक अन्य प्रस्तावहरु माथि छलफल भई सर्वसम्मत पारित भएको र प्रस्ताव नं.४ बहुमतबाट पारित गराउने अवस्था विद्यमान रहेको भएता पनि सभामा केही शेयरधनीहरुबाट व्यक्त सल्लाह सुझाव समेतलाई मनन गरी स्थगित गरिएको र सो स्थगित प्रस्ताव उपर छलफल तथा निर्णय गर्न मिति २०८० वैशाख १० (तदानुसार २३ अप्रिल, २०२३) गते, आइतवार विहान ११ बजे २६ औं वार्षिक साधारण सभाको निरन्तरता आव्हान गरिएकोमा सभा समयमै शुरु भई ११:३५ बजे समापन भएको २६ औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

### २. उपस्थिति :

**(अ) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | प्रबन्ध सञ्चालक **(यस सभाको सभापति)** |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री सुरेश राज जोशी | सञ्चालक |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री जयादित श्रेष्ठ | सञ्चालक |
| श्री देवेश सराफ | संचालक |
| श्री श्रीबत्स शम्शेर ज.ब.रा | स्वतन्त्र सञ्चालक |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

(आ) **व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्री टिकाराम विस्ट | कम्पनी सचिव |
| श्रीमती रानी बंग | कर्पोरेट प्रेसिडेण्ट |
| श्री कुशल गोयन्का | सिनियर मेनेजर एकाउण्ट्स एण्ड फाइनान्स |

**(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि., हङकङ |
| श्री सम्पूर्ण डंगोल | आईसिटिसी होल्डिङ्ग कम्पनी प्रा लि. |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि., वि.भि.आई |
| श्री शम्भु कार्की | तारागाउं विकास समिति |
| श्री सम्पूर्ण डंगोल | आईसिटिसी प्रा.लि. |
| श्रीमती निवेदिता भण्डारी | याक एण्ड यति होटल लि. |
| श्री अरुण कुमार सराफ | हायात इन्टरनेशनल कर्पोरेसन, अमेरिका |
| श्री वि.के अग्रवाल | वि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री गौरव अग्रवाल | वि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री प्रमोद कुमार स्वर्णकार | वि.के.अग्रवाल एण्ड कम्पनी (लेखापरिक्षक) |

(ई) **शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| **१. उपस्थित शेयरधनीहरुको संख्या** | **१७१ जना** |
| (क) शेयरधनी स्वयम् | १५३ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) मार्फत | १८ जना |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | ०.५३ प्रतिशत |
| ३. शेयरको प्रतिनिधित्व संख्या | १,५२,०३,५५६ कित्ता |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ८०.५८ प्रतिशत |

(उ) मिति २०७१।११।०३ को यस साधारण सभामा सहभागी हुन योग्य शेयरधनीहरुको कुल संख्या ३२,२२६ मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

## ३. छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु :

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७८।०७९ (२०२१।२०२२) को सञ्चालक समितिको २६ औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७८।०७९ (२०२१।२०२२) को वित्तिय विवरणहरु - वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

३) आ.व. २०७९।०८० (२०२२।२०२३) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) समूह "क" तारागाउं विकास समितिबाट सोही समितिको पत्र बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री सुरेश राज जोशीको नियुक्ती, समूह "ख" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री अरुण कुमार सराफ, श्री सुरेश लाल श्रेष्ठ र श्री देवेश सराफको पुनः नियुक्ती र कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम स्वतन्त्र सञ्चालकहरुमा श्री श्रीवत्स शम्शेर ज.ब.राणा र श्री मनोज प्रसाद राजभण्डारी ज्यूको पुनः नियुक्तीलाई अनुमोदन गर्ने ।

५) कम्पनीको मिति २०७९।०९।२६ गते (तदानुसार १० जनवरी, २०२३) बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूंजीको ८.४२% (लाभांश कर समेत) नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ख) विविध

## ४. सभाको सूचना प्रकाशन :

(क) साधारण सभा हुने मिति, समय, स्थान, छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु, २६ औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी, वासलात, नाफा तथा नोक्सान विवरण र नगद प्रवाह विवरण सहितका विवरणहरू खुलाई मिति २०७९।१०।०८ र मिति २०७९।१०।१० गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो । स्थगित प्रस्ताव उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने सभाको मिति, समय र स्थान तोकी मिति २०७९ चैत्र ३० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन, संस्थागत संरचना, लेखापरीक्षकको राय सहितको लेखा प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं ★ नेपाल

लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु सहितको कम्पनीको २६ औं बार्षिक सभाको लागि तयार गरिएको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको **Website www.taragaon.com** मा राखिएको र यसको साथसाथै डिम्याट खातामा ईमेल ठेगाना राख्नु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई **Email** मार्फत जानकारी गराइएको थियो ।

## ५. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या |
|---|---|---|
| **कुल संख्या** | **३२,२२६** | **१,८८,६६,५४०** |
| शेयरधनी स्वयम् उपस्थित | १५३ | १४,९७,९७४ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत | १८ | १,३७,०५,५८२ |
| **जम्मा उपस्थित** | **१७१** | **१,५२,०३,५५६** |
| **प्रतिनिधित्व प्रतिशत** | **०.५३%** | **८०.५८%** |

## ६. सभाको वैधानिकता तथा सभापतित्व :

(क) साधारण सभा शुरू हुनु भन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २६ औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत् पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले २६ औं वार्षिक साधारण सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम साधारण सभाको अध्यक्षता कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको प्रस्तावमा प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूले गर्नु भयो ।

## ७. सभा संचालन तथा प्रतिवेदन प्रस्तुती :

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, सहयोगी प्राविधिक मित्रहरु, नियामक निकायबाट पाल्नु भएका पदाधिकारीज्यूहरु तथा प्रतिनिधीहरुलाई कम्पनीको २६ औं वार्षिक साधारण सभामा स्वागत गर्दै सभाको काम कारवाहीलाई अगाडि बढाउनु भयो । सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन, कम्पनीको आ.व. २०७८।०७९ को लेखापरिक्षकको राय सहितको लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु उपर छलफलका लागि

तारागाउँ रिजेन्सी होटलस् लि. काठमाडौं नेपाल

भाग लिन तथा यस कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो ।

## ८. छलफलमा सहभागी भएका शेयरधनी महानुभावहरु :

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब, संचालक समितिको वार्षिक प्रतिवेदन र समसामयिक विषयवस्तुहरुमा आफ्नो मन्तव्य, जिज्ञासा, राय तथा सुझाव व्यक्त गर्नु भयो ।

१. श्री ब्रह्मदेव शाक्यज्यू
२. श्री चन्द्र नारायण श्रेष्ठज्यू
३. श्री उद्धव घिमिरेज्यू
४. श्री अमीरदास रंजीतज्यू
५. श्री सुधिर श्रेष्ठज्यू
६. श्री शत्रुघन श्रेष्ठज्यू
७. श्री तिलक कोईरालाज्यू
८. श्री कमल भारतीज्यू
९. श्री रोज कुमार श्रेष्ठज्यू
१०. श्री उत्तम पाठकज्यू
११. श्री इन्द्र कृष्ण श्रेष्ठज्यू
१२. श्री उत्सव श्रेष्ठज्यू
१३. श्री शिव प्रसाद पौडेलज्यू
१४. श्री डमरु बल्लभ घिमिरेज्यू
१५. श्री रामगोपाल महर्जनज्यू
१६. श्री कृष्ण प्रसाद अधिकारीज्यू
१७. श्री नरसिंह लाल चाखुनज्यू
१८. श्री महेन्द्र बहादुर श्रेष्ठज्यू

## ९. शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझाव, प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको जवाफी सम्बोधनको मूख्य अंशहरु :

**(क) शेयरधनीहरुको मन्तव्य, जिज्ञासा, प्रश्न, राय तथा सुझावहरु:**

- नेपालमा विदेशी मुद्रा आर्जन गर्ने प्रमुख सेवा प्रदायक व्यवसाय पर्यटन व्यवसाय रहेकोले पर्यटन व्यवसायबाट नेपाल सरकारलाई राजश्व बुझाउन अब्बल रहेको यस होटल्सको अगुवाईमा नेपाल सरकारको सम्बन्धित निकायमा उत्पादनमुलक उद्योगमा वर्गीकरण गर्न विशेष पहल गर्न अनुरोध गर्दछु ।
- वार्षिक प्रतिवेदन नेपाली भाषामा तयार गर्नु भएको अत्यन्तै राम्रो हो । वार्षिक प्रतिवेदनमा संचालक समितिको तस्वीर राख्न, भाषिक शुद्धता मिलाउन, सो प्रतिवेदन रंगीनमा छपाई गर्न र सोमा कम्तीमा

५ वर्षका प्रमुख वित्तिय सूचकहरुका साक्षात विवरण प्रतिवेदनको अन्तिम पानामा राखी दिनु भए राम्रो हुने थियो ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई विश्वका उत्कृष्ट होटलहरुको जानकारी प्रवाह गर्ने र पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले भारतमा स्थापित **Hotel Critics & Bloggers Association** बाट यस होटल्सले **"Nepal's Best Luxury Hotel Award 2022"** अवार्ड प्राप्त गरेकोमा हामीलाई गौरवान्वित पार्नु हुनाका साथै होटल्सको उन्नति र प्रगतिका लागि काम गर्नु हुने संचालक समिति, व्यवस्थापन समूह र कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।
- नेपाल लेखामान बमोजिम कम्पनीले तयार गरेको आर्थिक वर्ष २०७८।०७९ को वित्तिय विवरण अत्यन्तै राम्रो रहेको छ । स्वतन्त्र बाह्य लेखापरीक्षकद्वारा लेखापरीक्षण गरिएको वित्तिय विवरणहरु अन्तर्गत वासलातको आकार राम्रो रहेको, व्यापार तथा खुद आम्दानी सन्तोषजनक रहेको छ ।
- विगत आ.व.२०७७।०७८ मा अक्युपेन्सीदर ५.८% रहेकोमा यस आ.व. २०७८।०७९ मा अक्युपेन्सीदर बढेर ३१% पुगी कारोबार रकममा उल्लेख्य वृद्धि भई १९.०६ करोड खुद नाफा आर्जन गर्न सफल भएकोमा व्यवस्थापनलाई धन्यवाद दिंदै अझ अक्युपेन्सीदर बढाई खर्चहरुमा कटौती तथा मितव्ययीता अपनाई खुद नाफामा वृद्धि गर्न सुझाव दिन्छु ।
- प्रतिवेदनमा उल्लेख भए अनुसार नेपाल आउने पर्यटकको दैनिक औसत खर्च अमेरिकी डलर ६५ बाट घटेर ४८ पुग्नु समग्र पर्यटन व्यवसाय तथा नेपालकै लागि दुःख दायी कुरा हो यसले हामी सबैलाई दुखीत तुल्याएको छ ।
- हायातसंगको व्यवस्थापन सम्झौता ३१ डिसेम्बर, २०२१ मा समाप्त भएको छ सो पश्चात सन् २०२२ को लागि MOU भएको तत् पश्चात १५ वर्षको लागि भएको हायात व्यवस्थापन सम्झौता सम्बन्धमा के भईरहेको छ सो को सत्य तथ्य जानकारी पाउं भन्दै अनुरोध गर्दछु ।
- कर सम्बन्धी विवाद के कस्तो कुन कुन विषयको हो सोको जानकारी दिनुहुन अनुरोध गर्दछु ।
- गत आ.व.को तुलनामा यस आ.व. को कर्मचारी खर्च अस्वभाविक देखिएको छ सोको जानकारी दिनुहुन संचालक समितिमा अनुरोध गर्दछु ।
- व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत यस ताराग‌ाउं रिजेन्सी होटल्स लिमिटेडले गरेका सामाजिक कार्यक्रमहरुको मिडिया मार्फत जानकारी प्रवाह भएमा यस कम्पनीले नाफा आर्जन गर्ने मात्र नगरी सामाजिक कार्यहरु पनि गरिरहेको छ भन्ने जनमानसमा आभास हुने थियो त्यसैले व्यवसायिक सामाजिक उत्तरदायित्व अर्न्तगत गर्ने कार्यक्रमहरुको मिडियामा प्रचार प्रसार गर्न सुझाव राख्दछु ।
- कम्पनीले वितरण गरेको लाभांश विदेशी लगानीकर्ता शेयरधनीहरुलाई के कति कारणले Repatriation हुन नसकेको हो ? केन्द्रिय बैंकले लाभांश रकम Repatriation गर्न स्विकृति दिन किन ढिलो गरेको

ताराग‌ाउं रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

हो ? विदेशी लगानीकर्ता शेयरधनीहरुलाई भुक्तानी हुन नसकेको लाभांश रकममा के कति ब्याज दायित्व सिर्जना भएको छ ? सोको जानकारी दिनुहुन संचालकहरु समक्ष ध्यानाकर्षण गराउँदछु ।

- Tourism Industry मा लामो अनुभव बोकेका संचालकहरुले कम्पनीको नेतृत्व गर्नु भएको हुँदा कोभिड पछिको तत्काले विषम परिस्थितिका बावजुत पनि परिस्थितीजन्य रणनीति अपनाएको कारण होटलको व्यवसायमा उल्लेख्य वृद्धि भएको छ । परिस्थितीजन्य चलाखीपूर्ण रणनीतिक कार्ययोजना बनाउने संचालक समिति तथा सोको कुशल व्यवस्थापन गर्ने उच्च व्यवस्थापनलाई धन्यवाद दिन चाहान्छु ।
- नेपाली परम्परागत कला संस्कृति झल्कने विशेष सांस्कृतिक कार्यक्रम, बाजागाजा, नाचगान, परम्परागत लोकभाकाका गीतहरु तथा विशिष्ट नेपाली खानाका परिकारहरु सहितको प्याकेज बनाई विदेशी पर्यटकहरुलाई आकर्षण गरी विदेशी पर्यटकको बसाई अवधि बढाउने तथा विदेशी मुद्रा आर्जन गर्ने तर्फ संचालक समितिले ध्यान दिन जरुरी छ ।
- रुस र युक्रेन बीचको द्वन्द, टर्की र सिरियामा गएको विनाशकारी महाभुकम्प आदिले अन्तर्राष्ट्रिय पर्यटकहरुको आवागमनमा असर गरी होटलको व्यवसायमा नकारात्मक असर पर्ने देखिन्छ ।
- काबुबाहिरको परिस्थिति बाहेक अन्य अवस्थामा प्रचलित कानून बमोजिमको समयसीमा भित्रै वार्षिक साधारण सभा गर्न अनुरोध गर्न चाहान्छु ।
- शेयर दाखिला खारेज बन्द रहेको मितिको शेयरधनीहरुको विवरण र निजहरुको नाममा कायम शेयर सम्बन्धी विवरण कम्पनीको वेबसाईटमा राख्नु भएको छैन ।
- शेयरधनीहरुलाई ८.४२% नगद लाभाश दिने प्रस्ताव पेश गर्नु भएकोमा संचालक समितिलाई धन्यवाद प्रकट गर्दै आगामी दिनहरुमा दोहोरो अकको नगद लाभाश सहित बोनस शेयर जारी गर्न समेत सुझाव राख्न चाहान्छु ।
- कम्पनी संस्थापना भएको २६ बर्ष भई सक्यो यो अवधिमा आ.ब. २०७३।०७४ देखी मात्र कम्पनीले लाभांश वितरण गरेको छ । यहि अवधिमा मुल्य वृद्धिदर भने करीव १७५ % ले बढेको छ । औसत प्रतिफल दर भने करीब ३ % हाराहारीमा छ जुन वाणिज्य बैंकले १ बर्षको मुद्धति निक्षेपमा दिने ब्याजदर भन्दा पनि ज्यादै न्यून भयो यसरी शेयरधनीहरुको लगानी रकममा क्षती भएको छ । सोको सत्य तथ्य जानकारी दिनुहुन अनुरोध गर्दछु ।
- कम्पनीको व्यवसाय एक ठाउँमा एक प्रकृतिको छ सोको लागि यति धेरै संचालकहरु आवश्यक नरहेकोले संचालकको संख्या घटाउनु पर्छ । संचालक समितिको संख्या ११ जना बाट घटाएर ७ जनामा समिति गर्न सुझाव दिन्छु ।
- वार्षिक प्रतिवेदनमा आधारभुत शेयरधनीहरुबाट लिनु पर्ने रकम भनेर उल्लेख गरेको देखिन्छ सो रकम के कति कारणबाट लिनु पर्ने देखिएको हो ?

नारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

- कम्पनीको Vision, Mission and Goal समयसापेक्ष हुनुपर्छ सोही अनुरुप व्यवसाय विस्तार गर्न सचालक समितिलाई राय दिन चाहान्छु ।
- यस आ.व. २०७८।०७९ मा संचालक समितिको बैठक ६ पटक बसेको र लगायत बसेको दुई बैठक विचको अधिकतम अन्तर ७८ दिन रहेको देखियो जुन असाध्यै राम्रो छ ।
- संचालकहरुको नियुक्ती कम्पनी ऐन, २०६३ को व्यवस्थाको अधिनमा रही नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचिकृत सङ्गठित संस्थागतहरुको सुशासन सम्बन्धि निर्देशिका २०७४ बमोजिम हुनु पर्दछ ।
- संचालकहरुको नियुक्ती सम्बन्धमा कानुनसँग बाझिएका कुराहरुलाई हालको लागि स्थगित गरेर कानुन सम्मत रुपमा अगाडी बढ्न सल्लाह दिन्छु ।
- कम्पनी ऐनमा समुह सिर्जना गरेर सोही अनुरुप समूहगत रुपमा शेयर जारी गर्न पाउने स्पष्ट व्यवस्था छ । संचालक समितिमा समूहगत प्रतिनिधित्व सम्बन्धमा कम्पनीको नियमावलीमा के कस्तो व्यवस्था छ ? सो कुरा प्रष्ट पारि दिनु भए सर्वसाधारण शेयरधनीहरुमा संचालकहरुको प्रतिनिधित्व सम्बन्धमा रहेको भ्रम प्रष्ट हुन्थ्यो ।
- यस कम्पनीको सम्पूर्ण शेयर नेप्सेमा सूचीकृत रहेको छ जसको खरीद, बिक्री र हकहस्तान्तरण गर्न प्रचलित कानूनको व्यवस्था बाहेक कुनै रोकतोक नरहेको हुँदा वार्षिक साधारण सभामा नियमावलीको व्यवस्था बमोजिम छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचीको प्रस्ताव नं. ४ सम्बन्धमा तीन सदस्यीय कानूनविदहरुको समिति गठन गरी कम्पनी ऐन तथा धितोपत्र बोर्डले जारी गरेको संस्थागत सुशासन निर्देशिकाको व्यवस्थाको अधिनमा रही राय लिई आवश्यक काम कारवाही गरी प्रचलित कानूनको परिपालना गर्न अनुरोध गर्दछौं ।

### ख) प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यू र कार्यकारी सञ्चालक श्री सुरेश लाल श्रेष्ठज्यूको सम्बोधनको मुख्य अंशहरु:

संचालक समितिको तर्फबाट यस कम्पनीको २६ औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो जिज्ञासा, प्रश्न, गुनासो, सल्लाहहरु राखी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत उपस्थित सबैलाई धेरै धन्यवाद दिन चाहन्छु ।

प्रचलित कानूनले तोकेको समयसीमा भित्रै वार्षिक साधारण सभा किन नभएको भन्ने प्रश्नमा, कोभिडको समयमा नेपाल सरकारले जनताको जीउधनको सुरक्षाको लागि सुरक्षा मापदण्ड लगाई होटल व्यवसायको संचालनमा रोक लगाए पछि अन्य विभागमा जस्तै लेखा विभागमा कार्यरत प्रमुख कर्मचारीहरुले पनि छोडेर गएको यो आ.व. मा कोभिडको कारणले करीव ६ महिना होटल बन्द नै रह्यो र बाँकी अवधिमा होटलको संचालन एकदमै कम मात्रामा भयो । महामारी सकिए पछि होटल संचालनको लागि फटाफट तयारीमा जानु पर्यो भनी हामी तयारीमा लाग्यौं र नयां कर्मचारीहरुको भर्ना, होटलको सरसफाई लगायतका काम गर्यौं । होटल बन्द भएकै अवस्थामा पुरानो कर्मचारीहरुले छोडेर गएको कारण ती कर्मचारीहरुले सम्हालेको कामको



सोल्टी होटल्स लि. काठमाडौं नेपाल

राम्रोसँग बुझ्न बुझाउन भएन अनि होटलको संचालन बृहत भएको कारण नयाँ कर्मचारीहरुले तुरुन्तै कुराहरु बुझेनन् र हिसाब मिलान गर्दा केही समय ढिलो भएकै हो त्यसको लागि हामी क्षमाप्रार्थी छौं ।

हायातसँगको होटल व्यवस्थापन सम्झौताको अवधि सम्बन्धमा के भई रहेको छ भन्ने प्रश्नमा, सन् १४ नोभेम्बर, १९९६ मा Taragaon Regency Hotels Ltd र Hyatt International SEA (Pte) सँग होटल व्यवस्थापनको सम्झौता भएको हो । सोको अवधि ३१ डिसेम्बर, २०२१ सम्म रहेको तथा सोही सम्झौतामा हायातसँग १ अवधि बराबर १५ वर्ष होटल व्यवस्थापन सम्झौता बढाउन सक्ने अधिकार निहित रहेकोमा हायातले सोको प्रयोग गरेको हुँदा सो व्यवस्थापन सम्झौता ३१ डिसेम्बर, २०३६ सम्मको लागि प्रभावकारी रहेको छ । होटल व्यवस्थापन सम्झौता नियमनकारी निकायबाट पनि स्विकृति भई सकेको अवस्था छ ।

विगत आ.व. को तुलनामा यस आ.व.को कर्मचारी खर्च किन यति धेरै भन्ने प्रश्नमा, विगत आ.व. को कर्मचारी खर्च भनेको कोभिडको उच्च प्रभाव भई सोको कारणले होटल बन्द रहेको समयको हो । होटल बन्दको समयमा पनि कर्मचारीहरुलाई तलब त दिई नै राख्नु पर्छ । विगत आ.व. होटल बन्दको समयमा HAN सँगको सहमति बमोजिम कर्मचारीहरुलाई केही रकम दिदा कर्मचारी खर्च न्यून देखिएको हो । यस आ.व. मा पुराना कर्मचारीहरुलाई होटल बन्दको समय करीब ६ महिनाको HAN सँगको सहमति बमोजिम र कोभिड पछि होटल संचालनमा आएको करीब ६ महिनाको अवधिको पुरानो कर्मचारीहरुलाई सामान्य अवस्थाकै सरह तलब सुविधा र नयाँ भर्ना भएका कर्मचारीहरुलाई नियुक्तीको सेवा शर्त बमोजिम भुक्तानी गर्दा कर्मचारी खर्च धेरै देखिएको हो ।

कम्पनीमा रहेको विदेशी लगानी नेपाल राष्ट्र बैंकले मिति २०७१।०२।०६ मा समर्थन तथा स्वीकृत गरेको र मिति २०७५।०६।२१ मा विदेशी लगानी समर्थन/स्वीकृत पत्र अद्यावधिक गरेको हो । हाल नेपाल राष्ट्र बैंकले जारी गरेको विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन नियमावली, २०७८ बमोजिम लेखाङ्कनको प्रक्रियामा रहेकोले कम्पनीले लाभांश रकम भुक्तानी गर्न नसकेको हो । विदेशी लगानी लेखाङ्कन हुने वित्तिकै लाभांश रकम भुक्तानीको लागि प्रक्रिया अगाडी बढाउँछौं ।

यस कम्पनीको शेयर रजिष्ट्रार सम्बन्धि काम हाल एनआईसी एशिया क्यापिटल लिमिटेडले गर्दै आएको छ । प्रचलित कानून बमोजिम शेयरधनीहरुले पाउनु पर्ने विवरणहरु सोही बाट पाउन सकिन्छ ।

आधारभुत शेयरधनीहरुबाट पाउनु पर्ने रकम विगत आ. व. हरुको मात्र नभई कारोबार भई रहने र यस आ.व. को अन्त्यमा रहेको बाँकी रकम हो ।

यस साधारण सभामा छलफल तथा निर्णयको लागि निर्धारित विषयसूचीहरु मध्ये प्रस्ताव नं. ४ उपर छलफलमा सहभागी वक्ताहरुले राख्नु भएको विचारलाई सकारात्मक रुपमा लिन्छौं ।

तारागाउँ विकास समिति र संयुक्त लगानीकर्ताहरु बिच भएको संयुक्त लगानी सम्झौतामा उल्लेखित उद्देश्य प्राप्त गर्नको लागि संयुक्त लगानीकर्ताहरु संस्थापक द्वारा वि.स. २०४९ चैत्र १६ गते सोमबार यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेड संस्थापना गरिएको हो । कम्पनी संस्थापना भएको २६ वर्षको दौरान मध्ये करीब ६ वर्ष Design र Construction मा लागेको थियो । सन् २००० मा होटल्सको Soft Operation शुरु भएको र सन् २००२ मा मात्र होटल्सको Full Operation शुरु भएको हो । यसरी कम्पनी Full Operation मा आएको करीब २० वर्ष पुगेको छ ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं ★ नेपाल ★

कम्पनी संस्थापना गर्दाको समयमा समूह विभाजन गर्ने प्रचलन थियो र सोही बमोजिम नियमावलीको नियम ४ परिभाषा खण्डमा समूह "क"-तारागाउँ विकास समिति, केन्द्रीय कार्यालय वा यसको अधिकार प्राप्त प्रतिनिधिलाई समेत जनाउने छ, समूह "ख"-विदेशी पार्टीका श्री राधेश्याम सराफ, श्री अरुण कुमार सराफ र श्री उमेश सराफ तथा नेपाली पार्टीका श्री दिनेश लाल श्रेष्ठ, श्री सुरेश लाल श्रेष्ठ तथा आईसीटीसी प्रा.लि., याक एण्ड यति होटल लि. तथा आईसीटीसी होल्डीङ्ग कम्पनी प्रा.लि. वा निजहरुको कानूनी हकवाला वा प्रबन्ध-पत्र, नियमावली तथा विवरण-पत्रको अधीनमा रही निजहरुको शेयर खरीद गर्ने संस्था वा व्यक्तिलाई समेत जनाउने छ, समूह "ग"-समूह "क" "ख" र "घ" शेयरवाला बाहेक अन्य शेयरवालालाई सम्झनु पर्छ र समूह "घ"-नेपाल सरकार उद्योग विभागले स्वीकृति गरेको सम्झौता अनुसार कम्पनीको शेयर खरीद गर्ने एशियाली विकास बैंक र एशियन फाइनान्स एण्ड इन्भेष्टमेन्ट कर्पोरेशन तथा १६ नोभेम्बर तथा २९ नोभेम्बर २००६ को सहवित्तीयकरण बैंकहरुको निर्णय अनुसार ऋण लगानीबाट शेयर पूँजीमा परिवर्तन गरी शेयरधारण गर्ने बैंक तथा वित्तीय संस्थाहरु समेत जनाउँनेछ भन्ने व्यवस्था छ । सबै समूहहरुको संचालक समितिमा प्रतिनिधित्व हुने गरी नियमावलीको नियम ९ मा संचालक समितिको गठन, अधिकार र कार्यहरुको व्यवस्था छ । नियमावलीको सातौं संशोधनमा नियम ९.४ को व्यवस्थालाई यथावत रहने गरी संचालक समितिमा समूह क, ख र घ को तर्फबाट मनोनित संचालकहरु ८ जना हुने, समूह "ग"-साधारण शेयरवालाहरु मध्येबाट निर्वाचित वा मनोनित हुने संचालक १ जना र कम्पनी ऐन, २०६३ को दफा ८६(३) को प्रयोजनार्थ नियुक्त हुने संचालकहरु २ जना हुने व्यवस्था छ ।

कम्पनी कानूनमा शेयरधारणको अनुपातमा संचालक समितिमा प्रतिनिधित्व गर्ने हो भन्ने कुरा प्रस्ट छ । नियमावलीमा समूह क, ख र घ को तर्फबाट शेयरवालाहरुको प्रतिनिधित्व मनोनित मार्फत हुने भन्ने व्यवस्था रहेकोले हालसम्म मनोनित गरी संचालक समितिमा प्रतिनिधित्व गर्दै आएको हो । प्रचलित कम्पनी कानूनमा ७ जनासम्म संचालक भए तोकिएको योग्यता भएको कम्तीमा १ जना स्वतन्त्र संचालक र सात जनाभन्दा बढी संचालक भएमा तोकिएको योग्यता भएको कम्तीमा २ जना व्यक्तिलाई स्वतन्त्र संचालकको रुपमा नियुक्त गर्नु पर्ने व्यवस्था रहेको छ । सबै समूहको प्रतिनिधित्व गर्नको लागि शेयरधनीहरुको तर्फबाट ९ जना र स्वतन्त्र संचालक २ जना गरी कुल ११ जनाको संचालक समिति रहेको छ ।

लाभांश वितरण सम्बन्धमा शेयरधनीहरुलाई नगद लाभांश दिने कि बोनस शेयर दिने भन्ने कुरा कम्पनीको लाभांश नीतिमा भर पर्छ र यो कुनै उद्देश्य लिएर गरेको हुन्छ । विभिन्न कम्पनीहरुले आफ्नो आफ्नो उद्देश्य अनुरुप विभिन्न प्रकारका लाभांश नीतिहरु अपनाएका हुन्छन, यो विश्वभरी नै छ र यहाँहरु पनि यस विषयमा जानकार नै हुनु हुन्छ । कुनै कम्पनीको पूँजी सानो भई रहोस्, शेयरको बजार मुल्य बढ्दै जाओस् र नगद लाभांश भुक्तानी दर बढ्दै जाओस् भन्ने लाभांश नीति हुन पनि सक्छ भने कुनै कम्पनीको बोनस शेयर जारी गरेर नाफा कम्पनीमा रही रहोस् र सो नाफाको रकम कम्पनीले लगानी गरी शेयरधनीहरुलाई उच्चतम प्रतिफल दिने भन्ने पनि हुन सक्छ । त्यसै गरी कुनै कम्पनीले नगद लाभांश पनि नदिने र बोनस शेयर पनि नदिई संचीत नाफा राखी राख्ने र सो रकम कम्पनीले नाफामुलक परियोजनामा लगानी गरी शेयरधनीहरुको

सम्पत्तिलाई वृद्धि गर्ने भन्ने पनि हुन सक्छ । कम्पनीले लिएको लाभांश नीति समय सापेक्ष परिवर्तन हुदै जान्छ । लाभांश वितरण सम्बन्धमा यहाँहरुले राखेको जिज्ञासालाई धन्यवाद दिदै यहाँहरुको आकांक्षा तथा अपेक्षाहरु पनि हामीले बुझेका छौं र आगामी दिनहरुमा समय सापेक्ष सम्बोधन गर्ने नै छौं । यस आ.व. मा संचालक समितिले नगद लाभांश वितरण गर्ने प्रस्ताव राखेको छ यसको पनि कुनै हदसम्म महत्व नै छ ।

२६ वर्ष सम्मको अवधिमा लाभांश वितरण अत्यन्तै कम भयो भन्ने सन्दर्भमा, म कार्यकारी संचालक केही कुरा राख्न गईरहेको छु । सन् १९९२ मा नेपालमा पर्यटन व्यवसाय असाध्यै चम्केको थियो । होटलहरुको संख्या कम हुँदा बुकिङ १५० % जति देखिन्थ्यो र अक्युपेन्सीदर १००% जति नै हुन्थ्यो । होटल संचालकहरुले आफ्नो भवनमा रहेको कोठाहरुको अक्युपेन्सी १००% भए पश्चात पनि पाउनाहरुलाई सेवा दिनको लागि होटलसँगै रहेको भवन समेत भाडामा लिई व्यवसाय संचालन गरिरहेका थिए । सोही समयमा होटल्स व्यवसायको अवसर तथा अत्यधिक संभावना देखेर हामी होटल्स व्यवसायमा अगाडी बढेका हौं । सन् १९९१मा तारागाउँ विकास समितिले नेपालको अर्थतन्त्रको विकासको लागि पर्यटन व्यवसायको विकास महत्वपूर्ण रहेको र पर्यटन व्यवसायले रोजगारीको सिर्जना गरी विदेशी मुद्रा आर्जन गर्ने हुँदा सो प्रयोजनार्थ ३०० कोठाको पाँच तारे होटल निर्माणको लागि संयुक्त लगानी गर्न इच्छुक व्यक्ति तथा संस्थाबाट प्रस्ताव पेश गर्न अन्तर्राष्ट्रियस्तरमा टेण्डर आव्हान गरेको थियो । सो टेण्डरमा, यहाँका शीर्ष व्यवसायीक घराना लगायत हामीले पनि प्रस्ताव पेश गरेका थियौं । पेश भएका सम्पूर्ण प्रस्तावहरु मध्ये हाम्रो प्रस्ताव उत्कृष्ट भएकोले हामी छानियौं । सन् १९९२ मा तारागाउँ विकास समिति र संयुक्त लगानीकर्ताहरु बिच संयुक्त लगानी सम्झौता भएको हो । संयुक्त लगानी सम्झौता पश्चात्, तारागाउँ विकास समिति र संयुक्त लगानीकर्ताहरु (संस्थापक) द्वारा सन् १९९३ मा विधिवत रुपमा कम्पनी संस्थापना भएको हो । यस कम्पनीमा एशियाली विकास बैंक, कोरियाली विकास बैंक (कोरिया सरकारको सरकारी बैंक) र एशियन फाइनान्स एण्ड इन्भेष्टमेन्ट कर्पोरेशनको लगानी रहेको छ । विदेशी बैंकहरुको उपस्थितिसँगै उनीहरुको Requirement मा जाँदा होटल परियोजना परिकल्पना गरेको भन्दा वृहत रुपमा अगाडी बढेको हो । परियोजनाको Detailed Design र नक्सा पास लगायतका कामहरु गर्न करीव २ वर्ष जति लाग्यो जसमध्ये भवन निर्माण इजाजत पत्रको काठमाण्डौ महानगरपालिकाबाट स्विकृत पाउन करीव १ वर्ष लागेको थियो । सन् १९९६ देखी सन् २००६ सम्मको करीव १० वर्षको अवधिलाई हामी देशको आन्तरिक राजनैतिक सशस्त्र द्वन्दकालिन अवस्था भन्छौं, ठ्याक्कै सोही अवधिमा हामीले परियोजना निर्माणको कार्यहरु शुरु गरेको, निर्माणको क्रममा विभिन्न समस्या, कठिनाई तथा चुनौतीहरु खेप्नु परेको र परियोजनामा खटिएका कतिपय व्यवस्थापकहरुलाई सशस्त्र द्वन्दमा सक्रिय समूहले साघातिक आक्रमक गरी मरणासन्न हुने गरी कुटेको कारण अस्पतालमा लामो समय सम्म उपचारको लागि भर्ना गर्नु परेको लगायतका विषम परिस्थितिका बावजुत पनि सन् २००० मा Soft Operation को रुपमा करीव ५०-६० कोठाबाट शुरुवात गरेको र सन् २००२ मा Full Operation मा आएको हो ।

परियोजना निर्माणमा माथि उल्लेखित विविध कारणहरुले गर्दा निर्माण कार्य समयमै सम्पन्न नभएको सोही कारण आम्दानी पनि नभएकोले स्वदेशी तथा विदेशी बैंक तथा वित्तिय संस्थाहरुबाट लिएको स्वदेशी मुद्रा र विदेशी मुद्राको ऋण (विदेशी मुद्राको ऋण लिदाको समयमा १ अमेरिकी डलर बराबर ५० रुपैयाँको हाराहारीमा रहेकोमा तिर्ने समयमा १ अमेरिकी डलर बराबर ८०-८५ रुपैयाँमा पुगेको) समयमै तिर्न नसक्दा सन् २००३ तिर स्वदेशी बैंकहरुले कालोसूचीमा राखी पत्रपत्रिकामा समेत सूचना प्रकाशन गरेको अवस्था थियो । द्वन्दकालिन समय भन्दा अगाडी प्रशस्तै नाफा आर्जन गरिरहेका र ऋणको भार पनि नभएका कतिपय व्यवसायहरु द्वन्दको कारणले धरासयी भए, कतिपय पलायन भए, कतिपय टाट पल्टे भने हाम्रो अवस्था के

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं * नेपाल *

कस्तो रह्यो होला सहजै अनुमान गर्न सकिन्छ । द्वन्दकालिन समयमा कुन होटलले कति नाफा कमाएको छ तपाईहरुले पनि अध्ययन अनुसन्धान गर्न सक्नु हुन्छ ।

सचालक समितिको कुशल रणनीति र व्यवस्थापनको अथक प्रयास तथा एशियाली विकास बैंक जसले नेपालको विकासमा खर्बौं रकम खर्च गरिरहेको छ उसको नेपालमा पर्यटन क्षेत्रको विकास गर्नुपर्छ, पर्यटन क्षेत्रको एउटा उदाहरणको रुपमा एउटा प्रतिष्ठित राष्ट्रिय गौरवको रुपमा यो होटल बन्नुपर्छ भन्ने धारणा बनाई हामीलाई, हाम्रो व्यवस्थापन क्षमतालाइ विश्वास गरी लगानी गर्यो । तारागाउं विकास समितिको कठीन परिस्थितिमा पनि साथ रहिरह्यो, फलस्वरुप कम्पनी लिलामी हुन बाट बच्यो ।

व्यवस्थापकको अथक प्रयासले कतिपय ब्याज रकम समेत माफी गरिएको छ भने स्वदेशी तथा विदेशी मुद्राको ऋणलाइ शेयरमा परिवर्तन पनि गरिएको छ । ऋणलाई शेयरमा परिवर्तन गराउंदा ब्याजको पनि ब्याज तिर्नु पर्ने कम्पनीको दायित्वलाइ हटाएका छौं ।

कम्पनीले सन् २००७ देखी लगातार नाफा आर्जन गर्न सफल भई सन् २०१३ मा पूर्ण रुपमा ऋणमुक्त भई सन् २०१६।०१७ (आ.व. २०७३।०७४) देखी नगद लाभांश वितरण गर्न शुरु गरेको हो ।

जहाँ सम्म व्यवसाय विस्तारको कुरा छ, हामीले व्यवसाय विस्तार गर्न चाहेको पनि हो, खोजेको पनि हो तर सन् २०१३ सम्म स्वदेशी तथा विदेशी बैंकहरुको ऋण रहेकोले ऋणको पूर्ण चुक्ता नहुन्जेल नयाँ परियोजना गर्न नपाउने ऋण लिंदाको शर्त बमोजिम गर्न नसकिएको हो । ऋण मुक्त भए पश्चात सन् २०१४ देखी नै नयाँ व्यवसाय विस्तारमा लाग्ने भनेर हामीले तयारी शुरु गर्यौं सोही अनुरुप ३ वटा परियोजना (Exhibition Cum Conference Center, Taragaon Bazar & Business Hotel) को नक्सा तयार गर्यौं । दुर्भाग्यवस सन् २०१५ मा बिनासकारी महाभुकम्प गयो यसले परियोजना निर्माणलाई पछाडी धकेल्यो । नयाँ परियोजना निर्माणको लागि तारागाउं विकास समितिसँग छलफल भई रहेको थियो । निमार्ण कार्य शुरु गर्न तारागाउं विकास समितिबाट आउनु पर्ने सहमति/कागजातहरु समयमै नआएको र पछि लगातार कपोकल्पित आधारहिन लानछ्ना लगाई मिडियाबाजी भएको यहाँहरुलाई जानकारी नै छ । आधारहिन मिडियाबाजीको शिकार स्वरुप विभिन्न निकायहरुबाट छानविन गर्ने क्रम चल्यो । छानविन गर्ने निकायहरुमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रचलित कानूनको दफा दफाको व्यवस्था र कम्पनीबाट भए गरेका कामकारवाहीहरु कानूनी प्रावधान बमोजिम छन् वा छैनन् भनी परीक्षण गरेकोमा कम्पनीबाट भए गरेका सबै कामकारवाहीहरु प्रचलित कानून बमोजिम नै रहेका छन् भनी आफ्नो छानविन प्रतिवदेनमा उल्लेख गरेको छ । कुल ४९ वर्षको जग्गा पट्टा सम्झौता अवधि मध्ये अब करीब २१ वर्ष बाँकी रहेको छ । पट्टा जग्गामा के कसो गर्ने भनेर हामी तयारी अवस्थामै छौ र तारागाउं विकास समितिसँग निरन्तर छलफल पनि भई रहेको छ । आशा गर्छौं यो परियोजना बन्छ र यसले आम्दानीमा उल्लेख्य वृद्धि गर्छ । तारागाउं विकास समितिको लागि, देशको लागि र सम्पूर्ण शेयरधनीहरुको लागि हामीले व्यवसाय विस्तारको रुपमा गर्न लागेको परियोजना बन्न अति आवश्यक छ । परियोजना निर्माण गर्नको लागि आवश्यक विज्ञ, मानव संशाधन र वित्तिय स्रोतहरु कम्पनीमा पर्याप्त छन् र हाल ती स्रोतहरुको सदुपयोग हुन सकेको छैन । यहाँको यस होटल कम्पनीमा रहेको स्रोत साधनहरुको अधिकतम उपयोग गरी उल्लेखित परियोजनाको सफल कार्यान्वयन पश्चात् अरु नाफाजन्य व्यवसायहरु विस्तारको लागि हामी प्रदेशहरुमा जाने योजना पनि छ ।

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल

हाम्रो काम गर्ने शिलशिलामा केहि कतै कमी कमजोरी भएको र यहाँहरुले कम्पनीको सर्वोपरी हितको लागि उठान गर्नु पर्ने विषय छ भने तपाई हामी बसेर सर-सल्लाह गरेर कमी कमजोरी सच्चाउन सक्छौ र त्यो कुरामा हामी जहिले पनि खुल्ला नै छौं ।

## १०. निर्णयहरु :

### (क) सामान्य प्रस्ताव

**प्रस्ताव नं. १ :**

सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७८।०७९ (२०२१।२०२२) को संचालक समितिको २६ औं वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. २ :**

लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७८।०७९ (२०२१।२०२२) को वित्तिय विवरणहरु- वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ३ :**

आ.व. २०७९।०८० को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभामा प्रस्तुत हुँदा लेखापरिक्षण समितिको सिफारिस अनुसार आ.व. २०७९।०८० को लेखापरिक्षण गर्नको लागि वि.के. अग्रवाल एण्ड कम्पनीका श्री वि.के. अग्रवालज्यूलाई नियुक्त गरि निजको पारिश्रमिक रु २,००,०००।- (अक्षेरुपी दुई लाख मात्र) कायम गरी प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ४ :**

मिति २०७९ फाल्गुण ०३ गते बसेको कम्पनीको २६ औं वार्षिक साधारण सभामा यो प्रस्ताव माथि सर्वसाधारण शेयरधनीहरुको सल्लाह सुझाव बमोजिम ३ सदस्यीय कानून विज्ञको समूह गठन गरी कानुनी राय लिई यो प्रस्ताव उपर निर्णय लिने गरी स्थगित रहेकोमा मिति २०८० वैशाख १० गते यो प्रस्ताव उपर छलफल तथा निर्णय लिनको लागि २६ औं वार्षिक साधारण सभा आव्हान गरि सभाबाट समूह "क"- तारागाउँ विकास समिति सरकारी र संस्थागत शेयरधनी भएको हुनाले सोही संस्थाको सिफारिस पत्र बमोजिम सोही संस्थालाई प्रतिनिधित्व गर्नको लागि संचालकमा श्री सुरेश राज जोशीज्यूलाई सर्वसम्मतले नियुक्ती गरियो । त्यसै गरी समूह "ख"- श्री राधेश्याम सराफ, श्री अरुण कुमार सराफ र श्री उमेश सराफ तथा श्री दिनेश लाल श्रेष्ठ, श्री सुरेश लाल श्रेष्ठ तथा आईसीटीसी प्रा.लि., याक एण्ड यति होटल लि. तथा आईसीटीसी होल्डीङ्ग कम्पनी प्रा.लि. रहेको हुनाले व्यक्तिगत शेयरधनी र संस्थागत शेयरधनी दुवैको संचालक समितिमा प्रतिनिधित्व गर्नको लागि निर्वाचनद्वारा संचालक नियुक्ती गर्ने संचालक समितिको निर्णय बमोजिम समूह "ख" का प्रतिनिधित्व गर्ने संचालकको निर्वाचन गर्न नियुक्त हुनु भएको निर्वाचन अधिकृत श्री कृष्ण प्रसाद पनेरुज्यूले संचालक नियुक्तीको प्रक्रिया र निर्वाचन परिणाम सभासामु प्रस्तुत गर्नु भयो । समूह "ख" बाट निर्विरोध निर्वाचित संचालक श्री अरुण कुमार सराफज्यू, श्री सुरेश लाल श्रेष्ठज्यू र श्री देवेश सराफज्यूलाई संचालकमा

तारागाउँ रिजेन्सी होटल्स लि. काठमाडौं * नेपाल *

सर्वसम्मतले नियुक्ती गरियो । त्यसै गरी कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम स्वतन्त्र संचालकमा श्री श्रीवत्स शम्शेर ज.ब.रा ज्यू र श्री मनोज प्रसाद राजभण्डारी ज्यूलाई सर्वसम्मतले नियुक्ती गरियो ।

**प्रस्ताव नं. ५ :**

कम्पनीको मिति २०७९।०९।२६ मा बसेको संचालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनीहरुलाई चुक्ता पूँजीको ८.४२% (लाभांश कर समेत) नगद लाभांश प्रदान गर्ने प्रस्ताव सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतले पारित भयो ।

**(ख) विविध प्रस्ताव ।**

## ११. <u>धन्यवाद ज्ञापन</u> :

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभा सञ्चालकले यस सभाका अध्यक्ष श्री अरुण कुमार सराफज्यूलाई सभाको समापन गरिदिनु हुन अनुरोध गर्नुभयो । सभा अध्यक्ष श्री अरुण कुमार सराफज्यूले शेयरधनीमहानुभावहरु लगायत उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै २६ औं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

**श्री टिकाराम बिस्ट**
कम्पनी सचिव

**श्री अरुण कुमार सराफ**
प्रबन्ध संचालक